# चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष पदमा नियुक्तिका लागि नाम सिफारिस गर्न गठित सिफारिस समितिको दरखास्त आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०।०४।२६)

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५ मा चिकित्सा शिक्षा आयोग गठन हुने व्यवस्था रहेको र सोही दफाको उपदफा १(घ) बमोजिम चिकित्सा क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका चिकित्सकहरू मध्येबाट नेपाल सरकारले नियुक्त गरेको एक जना उपाध्यक्ष रहने प्रावधान रहेको तथा सोही ऐनको दफा २२ को उपदफा (२) बमोजिम चिकित्सा शिक्षा आयोगको पूरा समय काम गर्ने प्रमुख कार्यकारीका रूपमा उपाध्यक्ष रहने प्रावधान रहेको छ । चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष नियुक्ति सिफारिसका लागि सोही ऐनको दफा २३ बमोजिम लोक सेवा आयोगका अध्यक्षको संयोजकत्वमा सिफारिस समिति रहने व्यवस्था रहेको छ । उक्त सिफारिस समितिद्वारा स्वीकृत ''चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष पदमा नियुक्तिका लागि नाम सिफारिस गर्न उम्मेदवार छनौट सम्बन्धी कार्यविधि, २०८०'' को दफा ४ बमोजिम दरखास्त पेस गर्ने उमेदवारहरू मध्येबाट छनौट भएका योग्य तीन जना उम्मेदवारहरूको नाम चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष पदमा नियुक्तिका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने प्रयोजनका लागि देहायको योग्यता पूरा गरेका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र सिलबन्दी दरखास्त सिफारिस समितिको सचिवालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबारमा कार्यालय समयभित्र पेस गर्न आह्वान गरिएको छ । चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष भएपछि आयोगको नेतृत्व गर्ने र नेतृत्वदायी भूमिका बहन गर्ने सम्बन्धी ४ वर्षे व्यावसायिक कार्ययोजना (Professional Work Plan) सहितको सोचपत्र (Vision Paper) दरखास्त साथ संलग्न गर्नु पर्नेछ ।

चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष पदमा नियुक्तिका लागि राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २४ को उपदफा (१) बमोजिम योग्यता पुगेको, सोही ऐनको दफा २५ मा उल्लिखित अयोग्यता नभएको हुनुपर्नेछ । उम्मेदवारले दरखास्तसाथ देहायको कागजात पेश गर्नुपर्नेछ:

(१) नेपाली नागरिकताको प्रमाणपत्रको छायाँप्रति ।

(२) मान्यताप्राप्त विश्वविद्यालयबाट चिकित्सा शास्त्रको कुनै पनि विधामा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी चिकित्सा शास्त्रको कुनै पनि विधामा कम्तीमा बीस वर्षको अनुभव भएको वा चिकित्सा शिक्षाको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभवसहित स्वास्थ्य सेवाका क्षेत्रमा कम्तीमा बीस वर्ष काम गरेको अनुभव खुल्ने प्रमाण ।

(३) शिक्षण संस्थाको बहालवाला वा अवकास प्राप्त उपकुलपति, प्राध्यापक वा विशिष्ट श्रेणीको चिकित्सक वा चिकित्सा शिक्षा विज्ञको रुपमा ख्याति प्राप्त गरेको पुष्ट्याइ हुने प्रमाण वा स्वयम् घोषणा ।

(४) सम्बद्ध क्षेत्रमा उत्कृष्ट व्यवस्थापकीय सीप, कौशल प्रदर्शन गरेको व्यहोरा खुल्ने प्रमाण ।

(५) चिकित्सा शिक्षा आयोगसँग कुनै किसिमको स्वार्थको टकराव (Conflict of Interest) नभएको स्वयम् घोषणा ।

स्वार्थको टकराव (Conflict of Interest) भन्नाले चिकित्सा शिक्षा सम्बन्धी शिक्षण संस्थाको सञ्चालक समितिमा रहेको वा लगानीकर्ता वा सेयरहोल्डर वा संस्थापक व्यक्ति नभएको भन्ने सम्झनु पर्दछ ।

(६) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको प्रमाण वा स्वयम् घोषणा ।

(७) उच्च नैतिक चरित्र कायम गरेको प्रमाण वा स्वयम् घोषणा ।

(८) दामासाहीमा नपरेको प्रमाण वा स्वयम् घोषणा ।

(९) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन, लागू औषध बिक्री वितरण वा ओसार पसार, राहदानी दुरुपयोग, जबरजस्ती करणी वा नैतिक पतन देखिने अन्य कुनै फौजदारी कसूरमा अदालतबाट कसूरदार नठहरिएको प्रमाण वा स्वयम् घोषणा ।

(१०) प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको वा परेको भए त्यस्तो सूचीबाट फुकुवा भएको तीन वर्षको अवधि पूरा भएको प्रमाण वा स्वयम् घोषणा ।

(११) नेपालको संविधानको धारा २९१ बमोजिम नियुक्ति हुन अयोग्य नभएको प्रमाण वा स्वयम् घोषणा ।

(१२) दरखास्त दिने अन्तिम दिनसम्म ४५ बर्ष उमेर पूरा भई ६५ वर्ष उमेर ननाघेको व्यहोरा खुलेको प्रमाण ।

(१३) शैक्षिक योग्यतासम्बन्धी स्वयम् प्रमाणित कागजातहरू,

(१४) चिकित्सा शिक्षा वा स्वास्थ्य सेवाका क्षेत्रमा काम गरेको अनुभव खुल्ने स्वयम् प्रमाणित कागजातहरू । (सेवा अनुभव सिलसिलेवार रूपमा मिति तथा अवधि खुलेको हुनुपर्ने ।)

(१५) चार वर्षे व्यावसायिक कार्ययोजना (Professional Work Plan) सहितको सोचपत्र (Vision Paper) बढीमा ५००० शब्दको हुनु पर्नेछ । व्यावसायिक कार्ययोजना (Professional Work Plan) सहितको सोचपत्र (Vision Paper) पेस गर्दा ध्यान दिनुपर्ने कुराहरु देहाय बमोजिम रहेका छन्:

(क) व्यावसायिक कार्ययोजना (Professional Work Plan) सहितको सोचपत्र (Vision Paper) पृष्ठको एकातर्फ मात्र लेखेको/टाइप गरेको हुनु पर्नेछ ।

(ख) लेखेको/टाइप गरेको पृष्ठमा उम्मेदवारले हस्ताक्षर वा आफूलाई चिनाउने कुनै चिन्ह वा सङ्केत गर्न पाइने छैन ।

(ग) लेखेको/टाइप गरेको पृष्ठको पश्च भागमा उम्मेदवारले हस्ताक्षर गरेको हुनुपर्नेछ ।

(घ) व्यावसायिक कार्ययोजना (Professional Work Plan) सहितको सोचपत्र (Vision Paper) लाई उम्मेदवारले सिलवन्दी गरी बुझाउनु पर्नेछ ।

यो सूचना लोक सेवा आयोगको वेवसाइट www.psc.gov.np तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको वेवसाइट www.moest.gov.np मा समेत हेर्न सकिनेछ ।